# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, साउन १६ गते, २०८२ साल (अतिरिक्ताङ्क १५

## भाग ३

### कोशी प्रदेश सरकार

### विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

कोशी प्रदेश सरकारको लेटरप्याड र छापको प्रयोग सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको व्यहोरा जानकारीको लागि प्रकाशित गरिएको छ।

# कोशी प्रदेश अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयहरूको लेटरप्याड र छापको प्रयोग सम्बन्धी व्यवस्था

१. कोशी प्रदेश अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयको लेटरप्याड A4 साइजको कागजमा नेपालीमा कालीमाटी फन्ट (Unicode Bold Font) प्रयोग गर्ने, लेटरप्याडको माथिल्लो भागमा लेखिने "कोशी प्रदेश सरकार" को फन्ट साइज १२, मन्त्रालयको लेटरप्याडको हकमा मन्त्रालयको नामको फन्ट साइज २०, कार्यालयको हकमा तालुक मन्त्रालयको नामको फन्ट साइज १४ र कार्यालयको नामको फन्ट साइज २० हुने र सो भन्दा तल लेखिने मन्त्रालयको हकमा विराटनगर, नेपाल र अन्य निकाय/कार्यालयको हकमा सम्बन्धित स्थानको ठेगानाको फन्ट साइज १२ हुने तथा कार्यालयको ठेगाना लेटरप्याडको बिचमा लेख्ने, पत्र सङ्ख्या, चलानी नम्बर र मिति फन्ट साइज १२ मा लेख्ने र कार्यालयको फोन नम्बर एवं इमेल ठेगाना लेटरप्याडको पुछारमा फन्ट साइज ११ मा लेख्ने।

२. कोशी प्रदेश अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयको लेटरप्याड A4 साइजको कागजमा अङ्ग्रेजीमा Times New Roman (Bold) फन्ट प्रयोग गर्ने, लेटरप्याडको माथिल्लो भागमा लेखिने Government of Koshi Province को फन्ट साइज १२, मन्त्रालयको लेटरप्याडको हकमा मन्त्रालयको नामको फन्ट साइज १६ (Uppercase/Capital Letter), कार्यालयको हकमा तालुक मन्त्रालयको नामको फन्ट साइज १४ र कार्यालयको नामको फन्ट साइज १६ हुने र सो भन्दा तल लेखिने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

मन्त्रालयको हकमा Biratnagar, Nepal र अन्य निकाय/ कार्यालयको हकमा सम्बन्धित स्थानको ठेगाना (अङ्ग्रेजीमा) को फन्ट साइज १२ हुने तथा कार्यालयको ठेगाना लेटरप्याडको बिचमा लेख्ने, Ref. no. र Date फन्ट साइज १२ मा लेख्ने र कार्यालयको फोन नम्बर एवं इमेल ठेगाना लेटरप्याडको पुछारमा फन्ट साइज १० मा लेख्ने।

३. कार्यालयको छापको नमुना अनुसूची-१ बमोजिम हुनेछ।

४. कार्यालयको नेपाली लेटरप्याडको नमुना अनुसूची-२ बमोजिम हुनेछ।

५. कार्यालयको अङ्ग्रेजी लेटरप्याडको नमुना अनुसूची-३ बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-१

## कार्यालयको छापको नमुना

छापको नमुना (नेपाली)





छापको नमुना (अङ्ग्रेजी)



अनुसूची-२

**नेपाली लेटरप्याडको नमुना**


कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल

पत्र सङ्ख्या:
चलानी नम्बर


मितिः ..........।....।....

नमुना

फोन नम्बरः ०२१-४७५१६६/४७५१८९
ईमेलः info.ocmcm@p1.gov.np
वेभ साइटः https://ocmcm.koshi.gov.np

अनुसूची-३

**<u>अङ्ग्रेजी लेटरप्याडको नमुना</u>**


Government of Koshi Province
OFFICE OF THE CHIEF MINISTER AND COUNCIL OF MINISTERS
Biratnagar, Nepal

Ref No.:

Date: ......... | .... | ....

Phone No.: 021-475166, 475189

E-mail: info.ocmcm@p1.gov.np
Website: https://ocmcm.koshi.gov.np

स्वीकृत मितिः २०८२।०४।१६

आज्ञाले,
राजु प्रसाद गुरागाई
प्रदेश सचिव

कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website: moial.koshi.gov.np